# समानान्तरताका दृष्टिले *एटलान्टिक स्ट्रिट* उपन्यास र यसको शैक्षणिक उपयोग

# *Atlantic Street* Novel from Parallelism Prespective and it's Pedagogical Implications

केशव भुसाल[1]

[1]उपप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
काठमाडौँ, नेपाल
**Email:**
keshav.bhusal@cded.tu.edu.np

प्रकाशन : २०८१ जेठ
Publish: 2024 May
Doi:
https://doi.org/10.3126/bns.v27i1.66491

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2024 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

**लेखसार**

प्रस्तुत लेखमा साहित्यकार जनार्दन पुडासैनी 'राजव' द्वारा लिखित *एटलान्टिक स्ट्रिट* उपन्यासलाई शैलीवैज्ञानिक दृष्टिले विश्लेषण गरिएको छ । यस लेखको मुख्य उद्देश्य प्रस्तुत उपन्यासमा निहित समानान्तरताको अध्ययन गर्नु रहेको छ । यसका अन्य उद्देश्यहरूमा उपन्यासमा व्यवहृत ध्वनितात्त्विक समानान्तरताको अन्वेषण गर्नु, उक्त उपन्यासमा निहित कोशीय समानान्तरता पत्ता लगाउनु, उपन्यासमा प्रयुक्त व्याकरणिक समानान्तरताको खोजी गर्नु र अर्थतात्त्विक समानान्तरताका दृष्टिले उपन्यासको समीक्षण गर्नु रहेका छन् । प्रस्तुत अध्ययन ज्ञानमीमांशाअन्तर्गतको व्याख्यात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा गुणात्मक अध्ययन विधिको प्रयोग गरी *एटलान्टिक स्ट्रिट* उपन्यासबाट आवश्यक तथ्यको सङ्कलन गरिएको छ । यसरी सङ्कलित तथ्यलाई शैलीविज्ञानसम्बद्ध सैद्धान्तिक अवधारणाका आधारमा व्याख्या, विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका आधारमा विवेच्य उपन्यासमा चार प्रकारका समानान्तरता : ध्वनितात्त्विक समानान्तरता, कोशीय समानान्तरता, व्याकरणिक समानान्तरता र अर्थतात्त्विक समानान्तरताको प्रयोग गरिएको, उपन्यासमा प्रयुक्त समानान्तरताका मााध्यमबाट औपन्यासिक सौन्दर्य अभिवृद्धिमा सहयोग पुगेको लगायतका निष्कर्ष प्रस्तुत गरिएको छ । यसबाट उपन्यासमा निहित समानान्तरताबारे जानकारी अधिगत गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ । साथै विद्यार्थी, अध्यापनरत शिक्षक तथा शैलीविज्ञानका क्षेत्रमा क्रियाशील एवम् रुचिकर सबैलाई यस लेखले आवश्यकीय सहयोग पुऱ्याउने ठानिएको छ ।

***शब्दकुञ्जी*** : अर्थतात्त्विक समानान्तरता, कोशीय समानान्तरता, ध्वनितात्त्विक समानान्तरता, व्याकरणिक समानान्तरता, शैलीविज्ञान

**How to cite this article (APA)**

**English :** Bhusal, K. (2024). *Atlantic Street* Novel from Parallelism Prespective and it's Pedagogical Implications. *Bikashko Nimti Shiksha. 27*(1), 169-178. https://doi.org/10.3126/bns.v27i1.66491

**नेपाली :** भुसाल, केशव (२०८१), समानान्तरताका दृष्टिले *एटलान्टिक स्ट्रिट* उपन्यास र यसको शैक्षणिक उपयोग, *विकासको निम्ति शिक्षा,* २७(१), १६९-१७८ । https://doi.org/10.3126/bns.v27i1.66491

**Abstract**

This article is based on the stylistic analysis of *Atlantic Street* a novel written by Janardan Pudasaini 'Rajav'. The main purpose of this article is to study the parallelism inherent in the present novel. Other objectives are to explore the phonetic parallelism used in the novel, to find out the lexical parallelism contained in the novel, to search for the grammatical parallelism used in the novel and to review the novel from the point of view of semantic parallelism. This study is based on the explanatory framework under epistemology. Qualitative research method has been used in this study. Essential facts from the novel have been collected in it. The collected facts have been explained and analyzed based on theoretical concepts related to stylistics. On the basis of the study, four types of parallelism: phonological parallelism, lexical parallelism, grammatical parallelism and semantic parallelism are used in the novel. It is expected that this will help to gain information about the parallelism contained in the novel. It is considered that this article will provide necessary support to teachers, students and everyone who are active and interested in the field of stylistics.

***Keyword:*** semantic parallelism, lexical parallelism, phonological parallelism, grameritical parallelism, stylistics

## परिचय

*एटलान्टिक स्ट्रिट* उपन्यास साहित्यकार जनार्दन पुडासैनी 'राजव' द्वारा वि. सं. २०६५ सालमा लिखित उपन्यास हो । नेपाली साहित्यमा राजवले कथा, उपन्यास कविता, निबन्धलगायतका क्षेत्रमा कलम चलाएको पाइन्छ । उनका *एटलान्टिक स्ट्रिट*का अतिरिक्त *भूमिगतलीला: दुई हजार बत्तीस (२०६७) मोटेल अमेरिका (२०६७)* जस्ता उपन्यास प्रकाशित छन् भने समय पीडा, इतर जिल्लाबासी, कङ्गना खित्का, क्यापिटल हिल लगायतका कथासङ्ग्रह प्रकाशित छन् । २०६५ सालमा प्रकाशित क्यापिटल हिल कथा सङ्ग्रहलाई उनको चर्चित कथासङ्ग्रह मानिन्छ । प्रस्तुत अध्ययनमा राजवद्वारा लिखित *एटलान्टिक स्ट्रिट* उपन्यासलाई शैलीविज्ञानको महत्त्वपूर्ण क्षेत्र समानान्तरताका दृष्टिले अध्ययन, विश्लेषण गरिएको छ ।

शैलीवैज्ञानिक अध्ययन साहित्यिक कृतिको अध्ययनमा केन्द्रित सिद्धान्त हो । वेल्स (सन् २००१) का अनुसार यो विशेषत: साहित्य अध्ययनमा र त्यसमा पनि पाठकेन्द्रित अध्ययनमा आधारित हुन्छ । शैलीवैज्ञानिक अध्ययनका सन्दर्भमा विचलन र समानान्तरतालाई प्रमुख रूपमा लिइन्छ । अग्रभूमिनिर्माणअन्तर्गत पर्ने यी दुई युक्तिमध्ये समानान्तरता भाषाका समान संरचनात्मक ढाँचाको पुनरावृत्तिसँग सम्बन्धित रहेको छ । "यसले स्पष्ट रूपमा कुनै पनि प्रकारको भाषिक आवृत्तिलाई जनाउँछ" (ग्रिगोरिउ, २०१४, पृ. ९४) । साहित्यिक भाषा प्रयोगका सन्दर्भमा विभिन्न भाषिक एकाइहरूको पुनरावृत्ति हुन्छ । लिच (सन् १९६९) का अनुसार समानान्तरता भनेको भाषा प्रयोगको अतिरिक्त नियमितता हो, अनियमितता होइन । यस अर्थमा समानान्तरतालाई विचलनको विपरीत तात्पर्यमा व्याख्या गर्न सकिन्छ । विचलनमा भाषा प्रयोगको अनियमितता हुन्छ भने समानान्तरतामा अतिरिक्त नियमितता हुन्छ । शैलीवैज्ञानिक अध्ययन अनुसन्धानमा समानान्तरतालाई पनि महत्त्वपूर्ण युक्तिका रूपमा लिइएको पाइन्छ ।

समानान्तरता एक किसिमको साहित्यिक सङ्घटना हो । यसलाई समानान्तर संरचना वा समानान्तर निर्माण पनि भनिन्छ । यसले भाषिक संरचनाबिचको सम्बन्ध व्याख्या गर्दछ । यसमा दोहोरिएका एकाइका बिच आर्थी संयोजन वा जडान कायम हुन्छ (वेल्स, २००१) । जसले

समानान्तरता वा समानतालाई सुदृढ बनाउँदछ। पुनरावृत्त एकाइहरू पर्यायवाची नै हुनुपर्छ भन्ने हुँदैन। यसले समानान्तर भागका समानार्थक वा भिन्नार्थकका बिचको सम्बन्ध ग्रहण गर्न प्रेरित गर्दछ। समानान्तरताले एक वा अधिक वाक्यमा समान पद, पदावली वा उपवाक्यको सन्तुलनलाई जनाउने गर्छ। जहाँ प्रतिज्ञप्तिमूलक एकाइ र अर्थको आवृत्ति रहेको हुन्छ।

शैलीविज्ञानका सन्दर्भमा समानान्तरताले अग्रभूमि निर्माणको भूमिका निर्वाह गर्दछ। त्यसैले यसलाई अग्रभूमि निर्माणको महत्तम पक्षका रूपमा चर्चा गरिएको पाइन्छ। यसअतिरिक्त समानान्तरतालाई भाषिक संरचनाको अतिनियमितताबाट सिर्जना हुने अलङ्कारका रूपमा पनि व्याख्या गरिएको पाइन्छ। यसको प्रयोगले एकातिर साहित्यिक पाठको सौन्दर्य बढाउँछ भने अर्कातिर पठन प्रक्रियालाई सुरुचिपूर्ण एवम् सहज तुल्याउँछ। त्यसैले यसलाई काव्यात्मक भाषाको निकै उपयोगी पक्षका रूपमा चर्चा गरिएको पाइन्छ।

कुनै पनि लेखकले साहित्यमार्फत व्यक्त गर्न चाहेका निश्चित विचार वा सोचाइलाई सुदृढ गर्न त्यसलाई पुनरावृत्त गरिरहछन्। त्यस्तो पुनरावृत्ति रेखीय रूपमा नभई चक्रीय रूपमा व्यवहृत हुन्छ। यस क्रममा शब्द वा वाक्यको आवृत्ति अत्यधिक हुने मानिन्छ। लेखकले जोड दिन चाहेको वा ध्यानाकर्षण गर्न चाहेको कुरामा पाठकको ध्यान पुग्दछ। त्यसो त साहित्यिक कृति वा रचनालाई पाठकमैत्री र पठनमैत्री बनाउन पनि समानान्तरताले महत्तम भूमिका खेल्छ। यसबाट अन्य कृतिका तुलनामा आफ्नै कृतिमा पाठकलाई आकृष्ट गर्न र अतीव आनन्द प्रदान गर्न सकिने ठानिन्छ। समानान्तरता भाषाका ध्वनि, शब्द, रूप, वाक्य, अर्थ जस्ता एकाइमा देखा पर्छ। यस आधारमा यसका भेदहरूलाई ध्वनितात्त्विक, कोशीय, व्याकरणिक र अर्थतात्त्विक प्रारूपमा वर्गीकरण गर्न सकिन्छ।

नेपालका सन्दर्भमा शैलीवैज्ञानिक सिद्धान्तलाई आधार बनाई स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहमा साहित्यिक कृतिको अध्ययन विश्लेषण गरिएको पाइन्छ। यसमा शैलीवैज्ञानिक सिद्धान्तका निश्चित आधारको मात्र उपयोग गरिएको छ। सबै आधारको उपयोग गरिएको छैन। त्यसमा पनि समानान्तरतालाई आन्तरिक समानान्तरता र बाह्य समानान्तरताका रूपमा मात्र अधिक अध्ययन गरिएको पाइन्छ। यसका प्ररूपहरूको सूक्ष्म अन्वेषण गरिएको देखिँदैन। एकातर्फ शैलीवैज्ञानिक अध्ययनअन्तर्गत समानान्तरताका सूक्ष्म पक्षको अन्वेषण नहुनु र अर्कातर्फ अध्ययन गरिएका कृतिहरू नेपाली सर्जकहरूद्वारा सिर्जित रचनामा मात्र सङ्केन्द्रित हुनुले प्रस्तुत अध्ययनका लागि आधार उपलब्ध भएको छ। यसलाई यस अध्ययनको रिक्तताका रूपमा अधिगत गर्न सकिन्छ।

प्रस्तुत अध्ययनमा *एटलान्टिक स्ट्रिट* उपन्यासमा निहित समानान्तरतालाई मुख्य समस्याका रूपमा लिइएको छ। यसका अन्य समस्याहरूमा प्रस्तुत उपन्यासमा प्रयुक्त ध्वनितात्त्विक समानान्तरता, कोशीय समानान्तरता, व्याकरणिक समानान्तरता र अर्थतात्त्विक समानान्तरता रहेका छन्। यी समस्याको समाधान नै प्रस्तुत अनुसन्धानको उद्देश्य रहेको छ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा निश्चित अनुसन्धानात्मक दृष्टिकोण, ढाँचा, विषय, नमुना र विश्लेषण तरिकाको उपयोग गरिएको छ। प्रस्तुत अनुसन्धान ज्ञानमीमांसाअन्तर्गतको व्याख्यात्मक ढाँचामा केन्द्रित रहेको छ। यसमा प्राप्त तथ्यलाई वैयक्तिक दृष्टिकोणको अनुप्रयोग गरी विश्लेषण गरिएको छ। साथै वास्तविकता ज्ञाताको निर्मिति (अनुसन्धाता र प्रतिक्रियादाताको ज्ञान निर्माणमा आधारित)

मा आधारित हुन्छ भन्ने गुवा र लिङ्कन (सन् २००५) को मान्यतालाई अङ्गीकार गरिएको छ। यस अनुसन्धानमा गुणात्मक अनुसन्धान विधिको अनुप्रयोग गरिएको छ। प्रस्तुत अनुसन्धानको मुख्य विषयका रूपमा *एटलान्टिक स्ट्रिट* उपन्यासलाई लिइएको छ। यस अनुसन्धानमा अध्ययनीय उपन्यासबाट आवश्यक तथ्यको सङ्कलन गरिएको छ। यस क्रममा तथ्य स्रोतीय सामग्रीको अध्ययन, आवश्यक सूचनाको सङ्कलन, सङ्कलित सूचनाको सैद्धान्तिक समूहीकरणलगायतका कार्य गरिएको छ। यस अध्ययनमा सङ्कलित तथ्यलाई मूलतः लिच (सन् २००१), वेल्स (सन् २००१), सिम्सन (सन् २००४), शर्मा (२०५९), नेपाल (सन् २००९) लगायतका विद्वान्हरूद्वारा प्रस्तुत सैद्धान्तिक अवधारणाका आधारमा विश्लेषण गरिएको छ। तत्पश्चात सङ्कलित तथ्यको पुनः टङ्कन, समानान्तरताका विभिन्न प्ररूपमा तथ्यको वर्गीकरण, प्रयुक्त समानान्तरताको व्याख्या, विश्लेषण र प्रस्तुतीकरण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनको प्रमुख सैद्धान्तिक पर्याधारका रूपमा शैलीविज्ञान रहेको छ। यस अध्ययनमा शैलीविज्ञानको मुख्य क्षेत्र अग्रभूमिनिर्माणअन्तर्गतको समानान्तरतालाई निर्दिष्ट उपन्यास विश्लेषणको आधारका रूपमा उपयोग गरिएको छ। समानान्तरताले समान भाषिक संरचनाको पुनरावृत्तिलाई द्योतन गर्दछ। यसका मुख्य चार भेद रहेका छन् : ध्वनितात्त्विक समानान्तरता, कोशीय समानान्तरता, व्याकरणिक समानान्तरता र अर्थतात्त्विक समानान्तारता। यीमध्ये ध्वनितात्त्विक समानान्तरताले भाषिक ध्वनिका तहमा हुने पुनरावृत्तिलाई जनाउँदछ। यसलाई समान ध्वनिको आवृत्तिका रूपमा लिइन्छ। ध्वनितात्त्विक समानान्तरतामा मुख्यतः स्वर र व्यञ्जन ध्वनिको आवृत्ति हुन्छ। यस क्रममा शब्दको सुरुमा, बिचमा र अन्त्यमा समान ध्वनिको आवृत्ति हुन सक्छ। ध्वनितात्त्विक समानान्तरता अनुप्रास, सुर वा लयमा समेत देखा पर्ने मानिन्छ। भाषिक शब्दका तहमा हुने पुनरावृत्तिलाई कोशीय समानान्तरता भनिन्छ। कोशीय समानान्तरतालाई शाब्दी समानान्तरताका रूपमा पनि व्याख्या गरिएको पाइन्छ। यसलाई पाठमा वाक्यात्मक संयोजन सङ्केत गर्ने महत्त्वपूर्ण युक्तिका रूपमा लिइन्छ। प्रायशः दुई वाक्यात्मक स्वरूपमा आउने समान कोशीय शब्दहरूले कोशीय समानान्तरता कायम गर्ने मानिन्छ। जसबाट कोशीय आर्थी सम्बन्ध स्थापित हुन्छ। त्यसैले यसलाई अन्तर्वाक्यीय निर्भरतामा आधारित समानान्तरता पनि भनिन्छ। व्याकरणका तहमा हुने पुनरावृत्तिलाई व्याकरणिक समानान्तरता भनिन्छ। यसअन्तर्गत भाषिक रूप र वाक्यीय स्तरको पुनरावृत्तिलाई लिइन्छ। रूपतात्त्विक समानान्तरतामा रूपिमहरूको आवृत्ति हुन्छ भने वाक्यतात्त्विक समानान्तरतामा उपवाक्य वा वाक्यको आवृत्ति हुन्छ। भाषाको अर्थ तहमा हुने पुनरावृत्तिलाई अर्थतात्त्विक समानान्तरता भनिन्छ। यसमा एउटै भाव वा आशयको आवृत्ति हुन्छ। अर्थतात्त्विक समानान्तरता अन्य समानान्तरताका तुलनामा केही भिन्न रहेको छ। ध्वनितात्त्विक, कोशीय र व्याकरणिक समानान्तरतामा आवृत्त एकाइ मूलतः प्रत्यक्ष देख्न र पहिचान गर्न सकिन्छ भने यस समानान्तरतामा चाहिँ त्यस्तो स्थिति रहँदैन। अर्थतात्त्विक समानान्तरतामा एकाधिक वाक्यले व्यक्त गर्ने समान अभिप्रायलाई भिन्न भिन्न संरचना र शब्द प्रयोगका आधारमा खुट्याउनुपर्ने हुन्छ। यस दृष्टिले अर्थतात्त्विक समानान्तरता आन्तरिक एवम् सूक्ष्म प्ररूपको हुन्छ। समानान्तरतासम्बद्ध यस किसिमको सैद्धान्तिक अवधारणा लिच (सन् २००१), वेल्स (सन् २००१), सिम्सन (सन् २००४), शर्मा (२०५९), नेपाल (सन् २००९) लगायतका विद्वान्हरूद्वारा प्रस्तुत विचारमा पाउन सकिन्छ। यसलाई निर्दिष्ट कृति विश्लेषणको मुख्य आधार बनाइएको छ।

## परिणाम र व्याख्या

*एटलान्टिक स्ट्रिट* उपन्यासमा समानान्तरता र यससम्बद्ध विभिन्न प्रकारको प्रयोग व्यवहार भएको पाइन्छ । यसलाई विभिन्न शीर्षकमा विभक्त गरी निम्नानुसार विश्लेषण गरिएको छ :

### ध्वनितात्त्विक समानान्तरता

भाषिक ध्वनिका तहमा हुने पुनरावृत्तिलाई ध्वनितात्त्विक समानान्तरता भनिन्छ । ध्वनितात्त्विक समानान्तरतामा मुख्यतः स्वर र व्यञ्जन ध्वनिको आवृत्ति हुन्छ । यस क्रममा शब्दको सुरुमा, बिचमा र अन्त्यमा समान ध्वनिको आवृत्ति हुन सक्छ । यस किसिमको गुण अनुप्रास, सुर वा लयमा समेत देखा पर्न सक्छ । विवेच्य उपन्यासका विभिन्न अध्यायहरूमा यस किसिमको समानान्तरता पाउन सकिन्छ । यसका केही उदाहरण निम्नानुसार प्रस्तुत गरिएको छ :

१. उसले स्टान्डफोर्ड विश्वविद्यालयबाट स्नातकोत्तर गरेर एल विश्वविद्यालयबाट आफ्नू पीएचडी प्राप्त गरेको रहेछ । हार्डभर्डमा करिब तीस वर्ष पढाएर ऊ रिटायर्ड भएको रहेछ । (पृ. ४)
२. त्यसलाई हिउँ खुर्कने खुर्पाले खुर्केर फाल्न निकै बेर कसरत गर्नुपर्छ । (पृ ८-९)
३. ...हैन हैन, केही छैन...(पृ. १२)
४. माथि मार्कको कोठाबाट सामान पन्छाएको, सारेको, थचारेको, बजारेको र गुनगुन र फथफथ गरेको आवाज आइरहेको थियो । (पृ. ७५) ।
५. त्यसकारण निदाउने मेरो प्रयास बोल्टे, कोल्टे फेर्नमै सीमित भइरहेको थियो । (पृ. ७५) ।

उल्लिखित उदाहरणहरूमा ध्वनितात्त्विक समानान्तरता रहेको देख्न सकिन्छ । प्रस्तुत उदाहरणमध्ये पहिलोमा प्रयुक्त गरेको र भएको शब्दमा ध्वनितात्त्विक समानान्तरता देखिन्छ । दोस्रो उदाहरणमा खुर्कने, खुर्पाले, खुर्केर शब्दहरूबिच ध्वनितात्त्विक समानान्तरता देखिन्छ । तेस्रो उदाहरणमा हैन र छैन शब्दमा ध्वनितात्त्विक समानान्तरता देखिन्छ । त्यसैगरी चौथो उदाहरणमा पन्छाएको, सारेको, थचारेको, बजारेको शब्दहरूका बिच ध्वनितात्त्विक समानान्तरता देखिन्छ भने पाँचौं उदाहरणमा बोल्टे, कोल्टे शब्दका बिच ध्वनितात्त्विक समानान्तरता कायम भएको देखिन्छ । ध्वन्यात्मक स्तरमा देखा परेको यस किसिमको समानान्तरताले प्रस्तुत उपन्यासमा भाषिक सौन्दर्य स्थापनार्थ सहयोग पुगेको छ ।

### कोशीय समानान्तरता

भाषिक शब्दका तहमा हुने पुनरावृत्तिलाई कोशीय समानान्तरता भनिन्छ । यसलाई पाठमा वाक्यात्मक संयोजन सङ्केत गर्ने महत्त्वपूर्ण युक्तिका रूपमा लिइन्छ । कोशीय समानान्तरताका लागि दुई वाक्यमा समान संरचनात्मक शब्द र वाक्यात्मक कार्य हुनुपर्छ भन्ने छैन । त्यहाँ प्रयुक्त शाब्दिक स्वरूप र अर्थमा समानता भए पुग्छ । शाब्दी एकाइका बिच पर्यायवाची, विपरीतार्थी र समावशी-समावेश्य सम्बन्ध रहे पनि पुग्छ । विवेच्य उपन्यासका विभिन्न अध्यायहरूमा समान शब्दको आवृत्ति गरेर, विपरीतार्थी शब्दको प्रयोग गरेर समावेशी समावेश्य शब्दको प्रयोग गरेर कोशीय समानान्नतरता कायम गरिएको देखिन्छ । यसलाई निम्नानुसारका उदाहरणहरूमा प्रस्तुत गर्न सकिन्छ :

१. वास्तवमा दुई साना अपार्टमेन्टमात्र भएको यो सानो चिटिक्कको काठे आधुनिक घर हो । (पृ. ३)
२. उसले स्टान्डफोर्ड विश्वविद्यालयबाट स्नातकोत्तर गरेर एल विश्वविद्यालयबाट आफ्नू पीएचडी प्राप्त गरेको रहेछ । हार्डभर्डमा करिब तीस वर्ष पढाएर ऊ रिटार्यड भएको रहेछ । (पृ. ४)
३. यसबिच अक्कलझुक्कल ढोकाभित्र पस्दा र बाहिर निस्कँदा मार्ककी गर्ल्फ्रेन्डसँग मेरो आँखा जुध्न पुग्थ्यो । (पृ. ७)
४. ऊ घरको मूलद्वारअगाडिको पाँच खुट्किले काठको उही बाहिरी भऱ्याङको तेस्रो खुट्किलोमा बसेर पुस्तक पढ्दै थियो । (पृ. ११)
५. ...हैन हैन, केही छैन...(पृ. १२)
६. मेरो काम पनि भइहाल्यो, तपाईंको काम पनि भइहाल्यो । (पृ. १५)
७. मैले उसको निकै चमकदमकपूर्ण मुद्रा सोचेको थिएँ । ....तर मअगाडि ऊ त्योभन्दा विपरीत उदास र रङ्गहीन मुद्रामा प्रकट भयो । (पृ. २९)
८. ...त्योभन्दा बढी गुजुल्टिएको छ...पुरानो गुजुल्टिएको काठमाडौं त छँदैछ...कङ्क्रिटको नयाँ काठमाडौं त झन् घना रूपमा जेलिएको छ ।
९. विश्वास त हैन, आशा चाहिँ गर्छु...(पृ. ३७)
१०. म उदाश, निराश र उत्साहहीन थिएँ । (पृ. ४२)
११. केटाहरू पार्टनर राम्रो कि केटीहरू ? (पृ. ४६)

उल्लिखित उदाहरणहरूलाई दृष्टिगत गर्दा *एटलान्टिक स्ट्रिट* उपन्यासमा प्रशस्त मात्रामा कोशीय समानान्तरताको प्रयोग भएको देखिन्छ। उल्लिखित उदाहरणहरूमध्ये पहिलो उदाहरणमा घर र अपार्टमेन्टका बिच अङ्गीअङ्ग सम्बन्ध स्थ ापित भई कोशीय समानान्तरता कायम भएको छ । दोस्रो उदाहरणमा विश्वविद्यालय र रहेछ शब्दको आवृत्तिबाट कोशीय समानान्तरता स्थापित भएको छ। तेस्रो उदाहरणमा पस्दा र बाहिर शब्दका बिच विपरीतार्थी सम्बन्ध कायम भई कोशीय समानान्तरता कायम भएको छ । चौथो उदाहरणमा भऱ्याङ र खुड्किलोका बिच अङ्गीअङ्ग सम्बन्ध कायम भएर कोशीय समानान्तरता स्थापित भएको छ। पाँचौं उदाहरणमा हैन, हैन शब्दको आवृत्तिबाट कोशीय समानान्तरता कायम भएको छ । त्यसैगरी छैटौं उदाहरणमा भइहाल्यो, भइहाल्यो शब्दका बिच आवृत्ति भएर कोशीय समानान्तरता स्थापित भएको छ। सातौं उदाहरणमा चमकदमकपूर्ण शब्द र उदास/रङ्गहीन शब्दका बिच विपरीतार्थी सम्बन्ध कामय भई कोशीय समानान्तरता स्थापित भएको छ। आठौं उदाहरणमा गुजुल्टिएको शब्दको आवृत्ति भएर, पुरानो र नयाँ शब्दका बिच विपरीतार्थी सम्बन्ध रहेर तथा गुजुल्टिएको र जेलिएको शब्दबिच पर्याय सम्बन्ध स्थापित भएर कोशीय समानान्तरता कायम भएको छ। नवौं उदारहणमा विश्वास र आशाका बिच विपर्याय सम्बन्ध कायम भएर कोशीय समानान्तरता स्थापित भएको छ भने दशौं उदाहरणमा उदाश, निराश र उत्साहहीन शब्दबिच पर्यायवाची सम्बन्ध कायभ भएर तथा एघारौं उदाहरणमा केटा र केटीबिच विपरीतार्थी सम्बन्धका माध्यमबाट कोशीय समानान्तरता स्थापित भएको देखिन्छ । प्रस्तुत उपन्यासमा निहित यस किसिमको कोशीय समानान्तरतले उपन्यासको पठनमा मिठास र सौन्दर्य सिर्जना गरेको पाउन सकिन्छ ।

## व्याकरणिक समानान्तरता

व्याकरणिक तहमा हुने पुनरावृत्तिलाई व्याकरणिक समानान्तरता भनिन्छ। यसअन्तर्गत रूपस्तरीय र वाक्यस्तरीय पुनरावृत्तिलाई लिइन्छ। रूपतात्त्विक समानान्तरतामा रूपिमहरूको आवृत्ति हुन्छ भने वाक्यतात्त्विक समानान्तरतामा उपवाक्य वा वाक्यको आवृत्ति हुन्छ। *एटलान्टिक स्ट्रिट* उपन्यासमा यस किसिमको समानान्तरता पाउन सकिन्छ। यसका उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. तर, म उसको निद्रा पनि बिथोल्दै बोलिरहेको थिएँ। बोलिरहेको थिएँ। (पृ. २६)
२. के भनौँ... ? के भनौँ... ? के भनौँ... ? के भनौँ... ? (पृ. ५६)
३. सायद उसलाई पनि समयमै काममा पुग्ने चटारो हुन्थ्यो। हुन्थ्यो नै। (पृ. ६४)
४. मलाई देख्नासाथ ऊ झन् रमाउँदै र हाँस्दै मनेर आइपुगेकी थिई। (पृ. ७३)
५. त्यसले गर्दा मलाई क्रिसमसको त्यो साँझ निकै रमाइलो लागेको थियो। वास्तवमा क्रिसमसको त्यो साँझ रमाइलो थियो नै। (पृ. ७४)
६. मेरो काम पनि भइहाल्यो, तपाईंको काम पनि भइहाल्यो। (पृ. १५)

उल्लिखित उदाहरणमध्ये पहिलो उदाहरणमा बोलिरहेको थिएँ उपवाक्यको आवृत्ति भएको छ भने दोस्रो उदाहरणमा के भनौं वाक्यको आवृत्ति भएको छ। त्यसैगरी तेस्रो उदाहरणमा हुन्थ्यो उपवाक्यको पुनरावृत्ति भएको छ भने चौथो उदाहरणमा रमाउँदै र हाँस्दै शब्दमा रूपात्मक आवृत्ति ( रमाउँदै-हाँस्दै) भएको छ। पाँचौं उदाहरणमा चाहिँ रमाइलो लागेको थियो वाक्यांश आवृत्त भएको छ। छैटौँ उदाहरणमा काम पनि भइहाल्यो वाक्यांशको आवृत्ति भएको छ। यस किसिमका दृष्टान्तबाट प्रस्तुत उपन्यासमा व्याकरणिक समानान्तरता रहेको सिद्ध हुन्छ। भाषा प्रयोगमा यस किसिमको समानान्तरता देखा पर्नुलाई अभिव्यक्तिगत नवीनताका रूपमा व्याख्या गर्न सकिन्छ। समग्रतः व्याकरणिक समानान्तरताका माध्यमबाट प्रस्तुत उपन्यासमा अग्रभूमि निर्माण भएको देख्न सकिन्छ।

## अर्थतात्त्विक समानान्तरता

भाषाको अर्थ तहमा हुने पुनरावृत्तिलाई अर्थतात्त्विक समानान्तरता भनिन्छ। यसमा एउटै भाव वा आशयको आवृत्ति हुन्छ। अर्थतात्त्विक समानान्तरता अन्य समानान्तरताका तुलनामा के मानेमा भिन्न छ भने यसमा प्रस्तुत आशयगत आवृत्तिलाई प्रत्यक्ष रूपमा देख्न सकिँदैन। भिन्न-भिन्न भाषिक संरचनामा निहित अभिव्यक्तिका आधारमा खुट्याउनुपर्ने हुन्छ। *एटलान्टिक स्ट्रिट* उपन्यासमा यस किसिमको प्रयोग व्यवहार भएको देखिन्छ। यसका केही उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

१. यहाँ काम गर्न थालेपछि गोह्री ऊ रातो वर्णको हुन थालेकी थिई। र दुब्ली पनि देखिन थालेकी थिई। (पृ. २०)
२. त्यसकारण मेरो चिन्ता झन्झन् बढ्न थालेको थियो। म ऊबारे हरदम भावविह्वल हुन थालेको थिएँ। (पृ. २०)
३. ...हैन हैन, केही छैन...(पृ. १२)
४. पर्छ...बाउ भएको नाताले पर्छ ...पृ. ३६।
५. विश्वास त हैन, आशा चाहिँ गर्छु....(पृ. ३७)

६. मलाई ती बोतलहरूले चरम यातना दिएका थिए । थकाएका थिए । (पृ. ४२)
७. बङ्गाली बोलेको सुन्दा मलाई मिठो लाग्छ...यो भाषाको ध्वनि मलाई कर्णप्रिय लाग्छ । (पृ. ६२)

उल्लिखित उदाहरणहरूलाई दृष्टिगत गर्दा शोध्य उपन्यासमा आर्थतात्त्विक समानान्तरताका मुख्य दुई भेद वाच्यार्थगत आर्थी समानान्तरता र भावगत आर्थी समानान्तरतामध्ये भावगत आर्थी समानान्तरताको अधिक प्रयोग गरिएको पाइन्छ । उपर्युक्त उदाहरणहरूमध्ये पहिलो उदाहरणमा रातो वर्णको हुन थालेकी र दुब्ली देखिन थालेकी उपवाक्यात्मक संरचनामा मिल्दो आशयको आवृत्ति देख्न सकिन्छ । त्यस्तै दोस्रो उदाहरणमा चिन्ता बढ्न थालेको र भावविह्वल हुन थालेको उपवाक्यात्मक संरचनामा समान अर्थको आवृत्ति देख्न सकिन्छ। तेस्रो उदारहणमा हैन, हैन र केही छैन उपवाक्यात्मक संरचनाका माध्यमबाट समानार्थी भाव व्यक्त भएको पाइन्छ । चौथो उदाहरणमा पर्छ र बाउ भएका नाताले पर्छ भाषिक संरचनामा समान अर्थ दोहोरिएर प्रस्तुत भएको देखिन्छ । त्यसैगरी पाँचौं उदाहरणमा विश्वास हैन आशा चाहिँ गर्छु अभिव्यक्तिका बिच उस्तै अर्थको आवृत्ति भएको छ । छैटौं उदाहरणमा यातना दिएका थिए र थकाएका थिए उपवाक्यात्मक संरचनामा समान भावको पुनरावृत्ति भएको छ भने सातौं उदाहरणमा मिठो लाग्छ र कर्णप्रिय लाग्छ उपवाक्यमा समान अर्थ दोहोरिएर प्रस्तुत भएको छ । यस किसिमको आर्थी आवृत्तिले प्रस्तुत उपन्यासमा भाषिक सौन्दर्य स्थापित भएको देखिन्छ । यसबाट उपन्यासको पठनमा आल्हादकारिता थपिएको पाइन्छ ।

## शैक्षणिक उपयोग


प्रस्तुत अध्ययनमा *एटलान्टिक स्ट्रिट* उपन्यासलाई शैलीवैज्ञानिक अध्ययनको महत्तम क्षेत्रअन्तर्गत पर्ने समानान्तरताका कोणबाट अध्ययन विश्लेषण गरिएकाले यसलाई शैक्षणिक दृष्टिले पनि उपयोग गर्न सकिन्छ । अर्को शब्दमा प्रस्तुत अध्ययन शैलीवैज्ञानिक अध्ययनको शैक्षणिक उपादेयतासँग पनि सम्बन्धित रहेको छ। कुनै पनि विषयवस्तु शिक्षणको मूल उद्देश्य विद्यार्थीलाई सम्बन्धित विषयवस्तुको उपयुक्त बोध र विश्लेषणमा सक्षम बनाउनु हो । परम्परागत शिक्षणको तौरतरिकाले भाषाशिक्षणतर्फ भाषिक संरचना (उच्चारण, व्याकरण र शब्दभण्डार) मा अधिक जोड दिएको पाइन्छ भने विषयवस्तु शिक्षणतर्फ त्यसको ज्ञान र बोधमा मात्र ज्यादा ध्यान दिएको पाइन्छ । वस्तुतः बिसौं शताब्दीको उत्तरार्द्धमा परम्परागत भाषाशिक्षणको तौरतरिकाबाट विद्यार्थीमा समग्र भाषिक सक्षमताको विकास सम्भव नहुने दृष्टिकोण विकसित हुँदै गएपछि यसमा क्रमशः सुधार आउन थालेको देखिन्छ । साथै विषयवस्तु शिक्षणको तौरतरिकामा समेत परिवर्तन हुँदै गएको देखिन्छ ।

सिकाइ शिक्षणका क्रममा उपयोग गरिने साहित्यिक विधाका पाठहरूमा साहित्यिक शैलीको प्रचुर प्रयोग गरिएको पाइन्छ । यसको उपयुक्त बोध र व्याख्याका लागि शैलीवैज्ञानिक ज्ञानको आवश्यकता पर्दछ । त्यसो त शैलीविज्ञान भाषाविज्ञान र साहित्य समालोचनालाई जोड्ने पुल पनि हो । सिकाइ शिक्षण तथा अध्ययन अध्यापनका सन्दर्भमा शैलीविज्ञानको कार्य साहित्यिक रचनाप्रति पाठकलाई उद्दीप्त तुल्याउनु रहेको छ । वेल्स (सन् २००१) का अनुसार शैलीविज्ञानको लक्ष्य केवल पाठको संरचनात्मक विशेषताको व्याख्या गर्नु होइन, पाठको व्याख्याका लागि तिनीहरूको कार्यात्मक महत्त्वमाथि प्रकाश पार्नु हो । यसलाई दृष्टिगत गर्दा शैलीविज्ञानमा आधारित प्रस्तुत अध्ययनले साहित्यिक पाठको संरचनात्मक र प्रकार्यात्मक व्याख्या विवेचनमा सघाउ पुऱ्याउने देखिन्छ ।

साहित्यिक पाठमा व्यवहृत विचलन र समानान्तरताजस्ता उपकरणहरू शैलीविज्ञानको माध्यमबाट मात्र अवलोकन गर्न, बुझ्न र विश्लेषण गर्न सकिन्छ । पियर (सन् १९८६) जस्ता

अन्वेषकहरूले पत्ता लगाएका छन् कि पाठक वा विद्यार्थीहरूले पाठ पठन र व्याख्यानका क्रममा ससाना विवरण लिन्छन् र अर्थपूर्ण व्याख्यान गर्छन् । शैलीविज्ञानमा आधारित प्रस्तुत अध्ययनले साहित्यिक कृतिमा व्यवहृत शैली र त्यसमार्फत कृतिमा उत्पन्न चमत्कृति पहिचानमा शिक्षक विद्यार्थी दुबैलाई आवश्यक सहायता प्रदान गर्दछ ।

भाषाशिक्षण एवम् साहित्य शिक्षणमा साहित्यिक समालोचना र भाषाविज्ञानको विशिष्ट भूमिका रहेको हुन्छ । वस्तुतः शैलीवैज्ञानले साहित्यिक समालोचना र भाषाविज्ञानलाई निम्नानुसारले जोड्ने काम गर्दछ :




शैलीवैज्ञानिक दृष्टिमा भाषाशिक्षणका माध्यमबाट विद्यार्थीहरूले भाषा जान्नु भनेको त्यसको ध्वनि प्रणाली, वाक्य प्रणाली र अर्थ प्रणाली मात्र जान्नु होइन, भाषा प्रयोगको स्वरूप, ढाँचा र सन्दर्भपरक शैलीको पहिचान र प्रयोगमा सक्षम हुनु हो । समानान्तरतासम्बन्धी ज्ञान र सुझका माध्यमबाट पनि उनीहरूमा यसको प्रयोग र भूमिकासम्बन्धी जानकारी अधिगत हुने मात्र नभई सोहीअनुरूपको व्यवहारका लागि पनि आवश्यकीय सक्षमता विकास हुने हुन्छ । प्रस्तुत अध्ययनमा *एटलान्टिक स्ट्रिट* उपन्यासमा व्यवहृत समानान्तरताको स्थिति विश्लेषण गरिएकाले यसको निचोडलाई कक्षाशिक्षणका अतिरिक्त अन्य कृति विश्लेषणार्थ समेत उपयोग गर्न सकिन्छ ।

## निष्कर्ष

समानान्तरताका दृष्टिले *एटलान्टिक स्ट्रिट* उपन्यसको अध्ययन शीर्षकीय प्रस्तुत अनुसन्धानबाट विभिन्न तथ्य प्राप्त गरिएको छ । यसलाई प्रस्तुत अध्ययनको प्राप्ति एवम् निष्कर्षका रूपमा लिन सकिन्छ । प्रस्तुत अध्ययनका आधारमा विवेच्य उपन्यासमा शैलीविज्ञानको मुख्य क्षेत्र अग्रभूमि निर्माणअन्तर्गतको समानान्तरताको पर्याप्त प्रयोग भएको पाइन्छ । यस अध्ययनका आधारमा प्रस्तुत उपन्यासमा समानान्तरताका चार प्रकार : ध्वनितात्त्विक समानान्तरता, कोशीय समानान्तरता, व्याकरणिक समानान्तरता र अर्थतात्त्विक समानान्तरताको प्रयोग देख्न सकिन्छ । यस उपन्यासमा समान एवम् अनुप्रासयुक्त ध्वनिका आवृत्तिका माध्यमबाट ध्वनितात्त्विक समानान्तरता कायम गरिएको छ भने कोशीय शब्दको पुनरावृत्तिका माध्यमबाट कोशीय पुनरावृत्ति कायम गरिएको छ । त्यसैगरी प्रस्तुत उपन्यासमा रूपात्मक र वाक्यात्मक तहका संरचनाको आवृत्तिबाट व्याकरणिक समानान्तरता व्यवहृत हुन पुगेको छ भने भिन्न वाक्यात्मक संरचनाबाट समानार्थ प्रवाह गरेर आर्थी समानान्तरता कायम गरिएको छ । यी विभिन्न समानान्तरताको प्रयोगबाट शैली पक्ष प्रबल बनेकाले प्रस्तुत उपन्यासको सौन्दर्य अभिवृद्धिमा आवश्यकीय सहयोग पुगेको छ । शिक्षक, विद्यार्थीका अतिरिक्त शैलीविज्ञानका क्षेत्रमा क्रियाशील अनुसन्धाता, *एटलान्टिक स्ट्रिट* उपन्यासका स्रष्टा, पाठक, साहित्यकार, भाषावैज्ञानिकलगायतका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* रत्न पुस्तक भण्डार ।

आचार्य, शिवहरि (२०६६), *विप्लव ढकालका कवितामा भाषिक विचलन* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], महेन्द्ररत्न क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

खड्का, रामबहादुर (२०७४) *साया उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

खत्री, थमनबहादुर (२०६४), *सुकरातका पाइला उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

घिमिरे, सविन (२०७६), *अप्रिल फुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

ढकाल, विजयप्रसाद (२०७३), *ध्रुव नाटकको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

नगेन्द्र (सन् १९८०), *शैलीविज्ञान,* नेसनल पब्लिसिङ हाउस ।

नेपाल, घनश्याम (सन् २००९), *शैलीविज्ञान,* एकता बुक हाउस ।

पौडेल, टीकानाथ (२०६३), *रूपमती उपन्यासको शैलीवैज्ञानिक अध्ययन* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौडेल, विष्णुप्रसाद (२०६८) वक्रोक्ति सिद्धान्त र यससँग शैलीविज्ञानको निकटता, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (पृपृ. ६०३-६१८) रत्न पुस्तक भण्डार ।

मग्राती, ललिता (२०७३), *दमिनी भीर उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], चैतन्य बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय ।

राजव (२०६५), *एटलान्टिक स्ट्रिट,* विवेक सिर्जनशील प्रकाशन प्रालि ।

रावल, कर्णबहादुर (२०७३), *प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

लुइटेल, सङ्गीताकुमारी (२०७२), *बुद्धि बङ्गारो निबन्धको शैलीवैज्ञानिक अध्ययन,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज (२०५९), *शैलीविज्ञान,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

Grigoriu, C. (2014). The linguistics level of foregrounding in linguistics, In Michel Burk (Eds), *The Routledge Handbook of Stylistics, (pp. 87-100)* : Routledge

Guba, E. G., & Lincoln, Y. S. (2005). Paradigmatic controversies, contradictions, and emerging confluences. In N. K. Denzin & Y. S. Lincoln (Eds.), *The sage handbook of qualitative research* (3rd ed., pp. 191–215). Sage Publications Ltd.Van Peer, W. (1986) *Stylistics and Psychology: Investigations of Foregrounding.* Croom Helm.

Leech, G. N. (1969). *A linguistic guide to english poetry.* Longman.

Leach, G. (2013). *Language in literature style and foregrounding.* Routledge.

Simpson, P. (2004) Stylistics: A resource book for students. Routledge.

Wells, K. (2001). *A Dictionary of stylistics,* Pearson Education Limited.